National News Bulletin April 15, 2025

प्रमुख समाचार:

- विदेश मन्त्री डा. एस जयशंकरले भारत र पाकिस्तानका बीच तेस्रो पक्षको मध्यस्थतालाई अस्वीकार गर्नु हुँदै द्विपक्षीय आधारमा मात्र पाकिस्तानसित कुराकानी हुने भन्नुभएको छ.
- रक्षामन्त्री राजनाथ सिंहले अपरेशन सिन्दूर पहिल्ला कैयन दशक देखि पाकिस्तान को कब्जा भएको जम्मू कश्मीरबाट फैलाई राखेको आतंक विरूद्ध भारतको कड़ा तथा कठोर कार्रवाई भएको भन्नुभएकोछ.
- अपरेशन सिन्दूरको सफलता पछि भारतीय सशस्त्र बलहरूको बहादुरी र पराक्रमको सम्मान गर्नका लागि आज विभिन्न राज्यहरूमा तिरंका यात्राको आयोजन गरियो। खेलो इंडिया युवा खेल 2025 बिहारको पटनास्थित पाटलिपुत्र खेल परिसरमा एउटा रगारंग कार्यक्रम बीच आफ्नो समापन तर्फ बढ़ेको छ।

## जयशंकर पाकिस्तान

विदेश मन्त्री डा. एस जयशंकरले भारत र पाकिस्तानका बीच तेस्रो पक्षको मध्यस्थतालाई अस्वीकार गर्नुभएको छ। पाकिस्तानसित कुनैपनि कुराकानी द्विपक्षीय आधारमा मात्र हुनेछ, उहाँले दोहर्याउनुभएकोछ। नयाँ दिल्लीमा एक कार्यक्रमको बेला पत्रकारहरूसित कुराकानी गर्दै डाक्टर जयशंकरले भन्नुभयो पाकिस्तानका साथ बाँकि रहेका मद्दाहरूमा केवल उसको कब्जामा भएको भारतीय क्षेत्र कश्मीरलाई मुक्त गराउनु हो भनि भारतले स्पष्ट पारेको छ।

जयशंकर

विदेश मन्त्री सुब्रह्मण्यम जयशंकरले भन्नुभएकोछ, भारत र होण्डुरास बिचका आर्थिक संबधहरूमा निरन्तर वृद्धि भएको छ। उहाँले द्विपक्षीय व्यापार 30 करोढ डलर भन्दा बढि भएको भन्नुभयो। विदेश मन्त्री नयाँ दिल्लीमा होण्डुरासको द्वतावासमा उद्धाटन अवसरमा बोल्दै हुनुहुन्थ्यो। डाक्टर जयशंकरले जम्मू- कश्मीरको पहलगाममा कायरतापूर्ण आतंकी हमला पछि एकजुटता व्यक्त गरेकोमा Honduras को प्रशन्सा गर्नुभयो।

राजनाथ – जम्मू कश्मीर दौड़ाहा

रक्षामन्त्री राजनाथ सिंहले भन्नुभएकोछ, अपरेशन सिन्दूर पहिल्ला कैयन दशक देखि पाकिस्तान र पाकिस्तानको कब्जा भएको जम्मू- कश्मीरबाट फैलाई राखेको आतंक विरूद्ध भारतको कठोर तथ कड़ा कार्रवाई हो।

रक्षा मन्त्रीले आज श्रीनगरमा सेनाको 15 कोर बादामी.. छावनीमा सैनिकहरूलाई संबोधित गर्दै सो कुरा भन्नुभयो। उहाँले अपरेशन सिन्दूर को सफलताका लागि भारतीय सेनाको साहस शौर्य र कुशल कार्रवाईको प्रशन्सा गर्नुभयो देशलाई उनीहरूको साहस, संकल्प, र समर्पणमा गर्व छ श्री सिंहले भन्नुभयो।

पाकिस्तानका हातमा परमाणु हथियारको सुरक्षाको प्रश्न उठाउँदै श्री राजनाथ सिंहले भन्नुभयो, पाकिस्तानको परमाणु हतियार अन्तर्राष्ट्रीय परमाणु ऊर्जा एजेन्सीको निरीक्षणमा लिईनुपर्छ।

अपरेशन सिन्दूर थालिए पछि रक्षा मन्त्रीको जम्मू कश्मीरको यो पहिलो दौड़ाहा हो। श्री सिंहले भन्नुभयो प्रधानमन्त्री नरेनद्र मोदीले आतंकवाद विरूद्ध भारतको अड़ान र सन्देसलाई स्पष्ट पार्नुभको छ उहाँले भन्नुभयो आतंकवाद र वार्ता साथ साथै चल्नु सक्तैन तथा भविष्यमा आतंकवाद र पाकिस्तानको कब्जा भएको जम्मू कश्मीरका मुद्दाबारे मात्र वार्ता गरिनेछ।

यस अवसरमा उपराज्यपाल मनोज सिन्हा, मुख्यमन्त्री उमर अब्दुल्लाह, सेना प्रमुख जनरल उपेन्द्र द्विवेदी र अन्य सैन्य अधिकारीहरू उपस्थित थिए।

गुजरात – तिरंगा यात्रा

गुजरातमा आज भारतीय जनता पार्टीले अपरेशन सिन्दूर को सफलता पछि भारतीय सशस्त्र बलहरूको बहादुरी र पराक्रमको सम्मान गर्नका लागि विभिन्न जिल्लाहरूमा तिरंगा यात्राको आयोजन गरियो।

पंजाबको जालन्धरमा पनि आज यात्राको आयोजना गरियो।

जम्मू कश्मीर- तिरंगा रैली

भारतीय जनता पार्टीले जम्मू- कश्मीरमा श्रीनगर र अनंतनागमा तिरंगा रैली आयोजित गर्यो। श्रीनगरमा रैलीको नेतृत्व भाजणका वरिष्ठ नेता तथा जम्मू – कश्मीर वक्फ बोर्डकी अध्यक्ष दराखशां आंद्रबीले गर्नुभयो। बरिष्ठ भाजपा नेता सोफी युसूफले अनंतनाग रैलीको नेतृत्व गर्नुभयो।

अपरेशन सिन्दूर –विक्रम

अपरेशन सिन्दूरको सफलता माझ समग्र भारतीयहरूको शौर्य र साहसलाई नमन गरिन्दैछ। आकाशवाणी समाचारले शस्त्रा... प्रति सम्मानको तरवमा विशेष श्ररत्वला आरंभ गरेकोछ। आज हामी परमवीर चक्र विजेता कैप्टन विक्रम बत्रालाई स्मरण गरि रहेका छऊँ जसले कारगिल युद्धको बेला देशमा लागि सर्वोच्य बलिदान दिएका थिए।

टिस्टा प्रहार अभ्यास

भारतीय सेनाले आज पश्चिम बंगालको तीस्टा फील्ड फायरिंग रेंज में तीस्टा अभ्यास गर्यो। यस अभ्यासमा सेनाका विभिन्न इकाइहरूले भाग लिएजसमा पैदल सेना, मशीनीकृत पैदल सेना, तोपखाना, सशस्त्र कोर, पैरा स्पेशल फोर्स, सेना विमानन इंजीनियरिंग, सिग्नल शामिल छन। अपरेशन सिन्दूरको पृष्ठभूमिमा यो अभ्यास महत्वपूर्ण छो।

प्रधानमन्त्री मत्स्य पालन

प्रधानमन्त्री नरेन्द्र मोदीले मत्स्य पालन क्षेत्रको प्रगति र भविष्यका योजनाहरूको समीक्षाका लागि आज एउटा बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा गहिरो समुद्रमा माछा समात्ने र समुन्द्री आहारको नियति माथि विचार विमर्शगरियो केन्द्रीय  मत्सय पालन मन्त्री राजीव रंजन सिंह र वरिष्ठ अधिकारी बैठकमा उपस्थित  हुनुहुन्थ्यो।

खेलो इंडिया

खेलो इंडिया युवा खेल 2025 बिहारको पटनामा आफ्नो समापन तर्फ अग्रसरछ। 4 मईका दिन यो आयोजन शुरू भएको थियो 158 पदकहरू जीतेर महाराष्ट्र पदम तालिकामा प्रथम स्थानमा रहेको छ भने, हरियाणा 117 पदकहरूका साथ र 60 पदकहरू जीतेर राजस्थान तेस्रो स्थानका रहेकोछ।

जामिया- तुर्किस सम्मेलन स्थगित

जामिया मिलिया इस्लामियाले तुर्किस सरकारबाट मान्यता प्राप्त सबै शैक्षिक संस्थानहरूका साथ गरेएका सबै सम्झौता ज्ञापनहरू निलंबित गरि दिएकोछ। यो निर्णय राष्ट्रिय सुरक्षाको दृष्टिले लिइएको हो।